# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प.स. ०८२/०८३
च.न. २४५५

तोपगाछी, झापा
कोशी प्रदेश, नेपाल

मितिः २०८३।०१।१०

**श्री सम्पूर्ण रोजगार खोजकर्ताहरु, कमल गाउँपालिका, झापा।**

**श्री सम्पूर्ण निजी क्षेत्र/ रोजगारदाताहरु, कमल गाउँपालिका, झापा।**

**श्री सम्पूर्ण जब एजेन्सीहरु, कमल गाउँपालिका, झापा।**

**श्री सम्पूर्ण तालिम प्रदायकहरु, कमल गाउँपालिका, झापा।**

**विषयः श्रम संसारप्रणाली आवद्ध हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सार्बजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरूलाई **"श्रम संसार"** मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसंग सम्बन्धित सरोकारवालाहरूलाई उक्त प्रणालीमा आवद्धताका लागि **श्रम संसारमा अनिवार्य दर्ता हुन र श्रम तथा रोजगार सम्बन्धी सूचनाहरु, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने** व्यबस्था **७ दिन** भित्र मिलाउनुहुन अनुरोध छ ।

श्रम संसार प्रणालीमा आवद्ध हुन यस **QR** कोडलाई स्क्यान गर्नुहोस।

वा यस लिङ्क ( https://shramsansar.gov.np/ ) मार्फत समेत श्रम संसार प्रणालीमा आवद्ध हुन सकिनेछ। थप जानकारीका लागि रोजगार सेवा केन्द्र, कमल गाउँपालिकामा सम्पर्क गर्न सक्नुहुनेछ।

Bharat C. Tiwari

२०८३/१/१०
केशव कुमार ढकाल
प्रमुख प्रशासकीय अधिकृत



Email:info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-४७५०९९,०२३-४७५०८१

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सूचना प्रविधि तथा तथ्याङ्क शाखा

पत्र संख्या:- ०८२/८३

चलानी नं.:- ५५

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०८३।०१।०४
नेपाल सम्वत: ११४६ चौलागा, आमै

श्री रोजगार सेवा केन्द्र, स्थानीय तह सबै।

**विषय: श्रम संसार प्रणालीमा आवद्ध गराउने सम्वन्धमा।**

प्रस्तुत विषयमा सार्वजनिक सेवा प्रवाहमा डिजिटलाईजेसन गर्ने उद्देश्यले मन्त्रालय मातहत रहेका सम्पूर्ण डिजिटल प्रणालीहरुलाई 'श्रम संसार' मार्फत एकीकृत गरी एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने भएकाले श्रम र रोजगारसँग सम्वन्धित सरोकारवालाहरूलाई उक्त प्रणालीमा आवद्ध गर्न तहाँ स्थानीय तहमा रहेका सम्पूर्ण रोजगार खोजकर्ता, निजी क्षेत्र/रोजगारदाता, जव एजेन्सी तथा तालिम प्रदायकलाई श्रम संसारमा दर्ता गर्न आह्वान गर्ने र श्रम तथा रोजगार सम्वन्धी सूचना, रोजगारी तथा तालिमका अवसरहरु श्रम संसार मार्फत अनिवार्य प्रकाशन गर्ने व्यवस्था ७(सात) दिन भित्र मिलाउनुहुन आदेशानुसार अनुरोध छ।

२०८३।०१।०४

उत्तम शर्मा
शाखा अधिकृत

कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.: ८४८६
मिति: २०८३।०१।१०

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११९७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, समाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np